मन्थली नगरपालिका

# सार्वजनिक सुनुवाइ कार्यक्रम

२०८० बैशाख २९

## साविक गाविस भवन, सावाडाँडा/ भुमेथानगैरा- वडा नं १२

(२०७९ साउनदेखि ०८० बैशाखसम्मको प्रगतिको संक्षिप्त विवरण)

कार्यक्रममा उपस्थित नगरप्रमुखज्यु, उपप्रमुखज्यू, शाखा प्रमुखज्युहरु, वडाध्यक्षज्यूहरु पत्रकार महासंघका अध्यक्षज्यु र पत्रकारज्युहरु, यस कार्यक्रमका सहजकर्ताज्यु लगायत उपस्थित सम्पूर्ण सबैमा नमस्कार गर्दछु।

नगरले चालेका हर कदमहरुमा साथ सहयोग गर्नुहुने सम्पूर्ण राजनैतिक दल, संघ सस्थालगायत नगरनिवावासी एवं यस वडा निवासी आमाबुवा, दाजुभाई दिदीबहिनीहरुमा नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नगरपालिकाका काम र गतिविधिलाइ अझ प्रभावकारी र राम्रो बनाउनका लागि तपाईहरुले भोगेका देखेका विषयमा रचनात्मक सल्लाह र सुझावहरु प्रष्ट रुपमा दिनु हुन म अनुरोध गर्दछु ।

हाम्रो नगरमा गत जेठमा नयाँ जनप्रतिनिधिहरु चुनिएर आएपछि हाम्रो कानुनीआधार, रीत र परम्परा वमोजिम काम थालिएको र जनताका आकांक्षा र समस्याहरुलाइ क्रमशः समाधान तर्फ लैजादै छौं । जनताको घर आंगनमा सेवा उपलव्ध गराउन घुम्ती सेवा मार्फत सेवा प्रवाह शुरु गरेको जानकारी गराउँदछु । जनताको जिज्ञासा र गुनासाहरु सुन्ने र सुझावहरु लिने कार्यक्रमको रुपमा रहेको यस्तो सार्वजनिक सुनुवाइ जस्तो नागरिक नजिक जाने कार्यक्रम कोभिड १९ को असरको कारण सञ्चालन गर्न सकिएको थिएन । पुनः यो कार्यक्रम सञ्चालनको थालनी गरिएको र गत माघ १० गते सालु वजारमा गरेका थियौं । यस पटक हामीले साविक गेलु गाविसको केन्द्र साबाडाँडा अर्थात वडा नं १२ को भुमेथान गैरामा वडा नं ११ समेतलाइ पाएक पर्नेगरी राखिएको छ । यस कार्यक्रममा एकीकृत घुम्ती सेवाको शिविर समेत जोडेर ल्याएका छौं । यहाँहरुलाइ नगरपालिका र यि ११ र १२ वडाहरुमा भैरहेका कामका सम्बन्धमा उठेका र लागेका जिज्ञासा र गुनासोहरुलाइ सिधा रुपमा हाकाहाकि राखिदिनु हुन पनि अनुरोध गर्दछु । तपाईको एक/एक प्रश्नले हाम्रो नगरको कार्यसम्पादनमा सुधार गर्न र अझ राम्रो गर्न मद्दत हुने विश्वास लिएको छु ।

मन्थली नरपालिकाले आ.व. २०७९/०८० का लागि स्वीकृत गरेकोनीति तथा कार्यक्रम वमोजिम यो १० महिनाको अवधिमागरेका काम र मुख्य उपलव्धिहरु वुँदागत रुपमा यहाँहरु समक्ष राख्ने अनुमति चाहान्छु ।

सार्वजनिक पदमा बस्ने जनप्रतिनिधि लगायत कर्मचारिले गरेका कामका बारेका सूचना र गुनासो सुन्न र हेर्न सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्थाका साथै १६६०४८५४११२ नम्बर भएको टोल फ्रि नम्वरको समेत व्यवस्था गरिएकोछ।

१। सेवा प्रवाह र विकासका काम नरोकिकन चालु राख्न नगर कार्यालय र वडामा समेत आवश्यकता अनुसार रिक्त रहेका पदहरुमा विज्ञापन गरी सेवा करार सम्झौता गरेर कर्मचारि राख्ने व्यवस्था मिलाइएको छ ।

२। अन्य आवधिक तथा क्षेत्रगत गुरुयोजना निर्माण गरेर कार्यान्वयन गर्नुका साथै नगरलाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने गरि काम थालिएको र १४ वटै वडामा सरोकारवालालाई बालमैत्रीसम्बन्धी तालिम शुरु गरिएको छ ।

३। बजारलाई स्वच्छ र सरसफाइयुक्त बनाउदै आम उपभोक्ताको हित संरक्षण हुने गरी पैदलयात्रु मंत्री र प्रभावकारी बनाउन प्रारम्भिक कार्य शुरु गरिएको छ र यस कार्यलाई निरन्तरता दिइनेछ ।

४। नगरको स्थानीय संचित कोष व्यबस्थापन प्रणालीमा जम्मा १अरव १३ करोड **५** लाख ४३ हजार रकमको वजेट स्वीकृत गरी कार्य सञ्चालन भएकोमाचालु आ व को बैशाख २८ सम्म चालु खर्च (६०%) र पुँजीगत खर्च (४३%) गरी समग्रमा **५५ प्रतिशत** भएको छ ।

५। भुक्तानी प्रणालीलाई सरल र सहज वनाउन EFT मार्फत भुक्तानी प्रणाली शुरुवात गरिएको छ । यसबाट सेवाग्राहिलाइ दिइने भुक्तानि प्रक्रिया सरल र छिटो हुन पुगेको छ ।

६। नगरपालिकाले आफ्ना अधिकार क्षेत्र भित्रका राजश्वका शीर्षकहरुमा आन्तरिक राजश्व संकलन **रु ३ करोड ७३ लाख** आम्दानी हुने अनुमान गरिएकोमा हालसम्म **रु २ करोड ६ लाख ६ हजार ३५३** आम्दानी भएको छ । यो हुनुपर्ने आम्दानिको **५४** प्रतिशत हो ।

७। प्रत्येक वडामा फलफूल, तरकारी, मसलाबालीको उत्पादन पकेट विकास स्थापना गर्ने कार्य सुरुवात गरिएको।

८। रामेछाप बहु प्राविधिक शिक्षालयमा डिप्लोमा तहमा कृषि तथा पशु विज्ञान अध्ययन गर्न १२ जना छात्र, छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको।

९। अमिलोजात फलफूलबालीमा लाग्ने फल कुहाउने औंसा कीरा (Bactro-ceraminax) नियन्त्रणका लागि जुनार जोन क्षेत्र वडा नं ४, १३ र १४ का कृषकहरुको २५% लागत सहभागिता हुने गरी ३०४ लिटर प्रोटिन बेट बिषादी वितरण गरिएको छ ।

१०। ५० प्रतिशत अनुदानमा थोपा सिंचाई, तरकारी नर्सरी व्यवस्थापन, हाटेचौरमा सेड निर्माण कार्यक्रम सम्पन्न भएका । र ५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकीकरण, सुन्तला बाली पकेट, रैथाने बाली प्रवर्द्धन, माग तथा प्रस्तावमा आधारित कृषि उत्पादनमूलक कार्यक्रमहरु भुक्तानीका चरणमा रहेका छन् ।

११। नगरस्तरीय कृषि तथा पशुपन्छी प्रोफाइल तयारीको लागि घरधुरी सर्वेक्षण मार्फत तथ्याङ्क संकलन कार्य भैरहेको छ ।

१२। मकै बालीको उन्नत बीउ करिब ५ मेट्रिक टन वितरण भएको र धान बालीको करिब ६ मेट्रिक टन माग भएकोमा धान बीउ आइसकेको र बितरण समेत शुरु गरिएको छ ।

१३। फलफूल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजना (VCDP) तर्फ पकेट क्षेत्र वडा नं. १, ७ र ८ मा ३७ वटा भकारो सुधार, १७ वटा प्लाष्टिक सिट र २० वटा थोपा सिंचाई सेट निर्माण एवं वितरण भएको र आयोजना समेत फेज आउट भैसकेको।

१४। वाली विज्ञान, पशु विज्ञानर फुड एण्ड डेरीमा नगरभित्रका १३ जना छात्र छात्राहरुलाई नि:शुल्क अध्ययन गराउने व्यवस्था मिलाइएको छ ।

१५। पशुसेवा तर्फ विभिन्न वडामा लागत साझेदारीमा छाडा कुकुर नियन्त्रण र जोनोटीक तथा रेविज रोग नियन्त्रण शिविर सञ्चालन भएका तथा डेरिमा दुध विक्री गर्ने कृषकलाइ प्रतिलिटर रु २ का दरले अनुदान वितरण गर्नुका साथै भैसीपालक कृषकको लागि भैसीलाइ सुत्केरी प्रोत्साहन भत्ता प्रदान गर्ने कार्य निरन्तर भएको छ । नगरबाट पशुपन्छी निकासी दर्ताको कार्य पनि भइरहेको र यसबाट रु.बीस हजार पाँचसय रूपैया आम्दानि समेत भएको छ । विभिन्न १७ प्रकृतिका अनुदानका कार्यक्रममा प्रतेक किसानहरुले सहभागि हुन पाउने गरी सार्वजनिक सूचना गरेर माग संकलन गरेर छनौट गरी अनुदान वितरण हुने व्यवस्था मिलाइएको छ । त्यसैगरी यसै वडा नं ११ र १२मा बाख्रा प्रवर्दन का लागि प्रस्ताव माग गरी छनौटको चरणमा रहेको छ ।

१६। वैदेशिक रोजगारीमा जान लागेका, गएका व्यक्ति र परिवारलाई लक्ष गरेर यस सम्बन्धी जानकारी दिन मनोपरामर्श तथा वित्तीय साक्षरता कक्षा र कुनै घटनाका कारण हिंसा वा अप्ठेरोमा परेकालाइ समन्वय र सहयोग गर्ने गरि सुरक्षित आप्रवासन-सामि कार्यक्रमलाइ निरन्तरता दिइएको छ । यस आ व मा ७६९९ जनालाइ सूचना तथा परामर्श, २३ जनालाइ मनोसामाजिक परामर्श सेवा, विदेशमा घटेका २९ वटा घटनामा न्याय तथा क्षतिपुर्तिमा सहयोगको सेवा प्रदान गरिएको छ ।

१७। प्रधानमन्त्रि रोजगार कार्यक्रमका १३ वटा योजना मध्ये १२ वटा योजना सम्झौता भइ कार्यान्वयन भइरहेका र आगामि वर्षमा रोजगारको सूचीमा नाम समावेश गर्नका लागि १४ वटै वडामा शिविर सञ्चालन गरिएको र ८८८ जना व्यक्तिहरु सूचना प्रणालीमा सूचीकृत गरिएको छ ।साथै वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि श्रम स्वीकृतिको अनलाइन आवेदन लिने कार्यको थालनि गरिएको । यस कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लैजान स्थानीयस्तरमा श्रम गर्न प्रेरित गर्ने गरि श्रमिकले श्रमदान गर्न सक्ने प्रकृतिका योजना छनौटका लागि वडासमिति र तपाई वडाबासी समेत जागरूक हुन अनुरोध गर्दछु ।

१८। लघु उद्यम विकास कार्यक्रम तर्फ ७७ जनालाइ उद्यमशिलता तालिम, ४८ जनालाइ पशुपालन ८ जनालाइ बाँसका सामान बनाउने, २७ जनालाइ हाते होजियारी, ५ जनालाइ चिया प्रशोधन, ११ जनालाइ तरकारी तथा फलफुल, २

जनालाइ व्युटि पार्लर र २८ जनालाइ बाटेको धुप सम्बन्धी तालिम दिइ सानो सानो व्यवसायमा प्रेरित गरि स्थानिय रोजगारी सिर्जना गर्न प्रयास गरिएको छ ।

१९। सहकारी संस्था व्यवस्थापन र नियमनका कामहरुलाइ पनि नियमितता दिइएको छ ।

२०। मन्थली नगरपालिका भित्रका ७४ जना बाल विकास शिक्षकहरुलाई ५ दिनको बालमनोविज्ञानमा आधारित तालिम तथा शैक्षिक सामाग्री निर्माण कार्यशाला सञ्चालन गरिएको छ ।

२१। बालबालिकाको अतिरिक्त क्षमताको अभिबृद्धिका लागि वडास्तर हुदै नगरस्तरीय हाजिरी जवाफ कार्यक्रम तथा विज्ञान प्रदर्शनीका कार्यक्रम सम्पन्न गरिएको छ ।

२२। विद्यालयमा हुने शैक्षिक गतिविधिमा एकरुपता ल्याउन तथा बालबालिकाहरुको सिकाइ उपलब्धिलाई बढवा गर्नका लागि विद्यालयले त्रैमासिक रुपमा हासिल गर्नु पर्ने सिकाइ उपलब्धिको किटानी सहित सबै शिक्षक तथा विद्यालय कर्मचारीले पाउने गरी शैक्षिक क्यालेण्डर निर्माण तथा वितरण गरिएको छ ।

२३। दीर्घरोग लागेका ६७ जना विपन्न नागरिकहरुको उपचारका लागि सम्वन्धित अस्पतालहरुमा विपन्न नागरिक औषधि उपचारको सिफारिस गरी दीर्घरोग लागेका ७०नागरिकहरुलाई उपचार खर्च वापत मासिक रु ५,००० का दरले रकम उपलव्ध गराइएकोर पछि पेश भएका निवेदक र पहिलो किस्ता पाएका दीर्घरोगीहरुलाई पुनः रकम उपलब्ध गराउने प्रक्रियामा रहेको छ।

२४। मन्थली अस्पतालमा USG मेशिन र Lab को औजार उपकरणको व्यवस्था गरी Ceonc तथा Ocmc सेवा Covid-१९ रोकथाम -उपचार सेवा/र फिजियोथेरापि, आँखा तथा दाँत उपचार सेवा पनि विस्तार गरिएको छ ।

२५। छोरीको जन्मलाई प्रोत्साहन गर्न प्रोटोकल अनुसार गर्भ जाँच गरेका र स्वास्थ्य संस्थामा सुत्केरी भई छोरी जन्मेका छोरीहरुको लागि रु ३००० (तिन हजार) दिने व्यवस्था गरिएको छ । .

२६। शिविर मार्फत आङ खस्ने समस्या र STDs/STI भएका महिलाहरुको उपचार २७१ जना र पाठेघरको मुखको क्यान्सर (VIA) परिक्षण ९२ जनालाई सेवा दिईएको छ ।

२७ प्रयोगशाला सेवा सहितको जनरल र आयुर्वेद स्वास्थ्य शिविर संचालन गरि २४१५ जनालाई स्वास्थ्य सेवा दिईएको ।

२८। हिंसा पिडित तथ प्रभावित व्यक्तिहरुलाई अल्पकालिन सेवाकेन्द्र मार्फत निरन्तर सेवा प्रदान गरिएको छ ।

२९। सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता तेस्रो त्रैमासिकमा नगरका जम्मा ५९२८ जनालाइ ५,७८,७३,३०८। रकम रकम वैङ्क मार्फत उपलव्ध गराइएको छ ।

३०। हालसम्म ५४४ वटा योजनाहरुमध्ये ४६९ वटा योजनाहरु (८६%) सम्झौता भएको ३४० वटाको (६३%) कार्य सम्पन्न भई भुक्तानी भएको अवस्था छ । योजनाको कामलाइ थप गति दिन वडा समिति, उपभोक्ता समिति र समुदायले पनि समयमै चासो राख्नु पर्ने देखिन्छ ।

३१। संघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा नगर भित्रका भुत्याखोला-कठजोर, मन्थली- ठूलीमदौ अर्चले ठाँटी सडक, गेलु सावाडाँडा -साउनेपानी सडक, देविटार–फुलासी सडक र देविटार -फुलासी पोखरी डाँडा सडक निर्माणका लागि ठेक्कासम्झौता भई कार्य शुरु भएकोमा भुत्याखोला- कठजोर सडकको कार्य सम्पन्न भइसकेको छ। त्यसैगरी भटौली- साठीमुरे- कल्लेरी सडकको मर्मत तथा स्तरोन्नती को कार्य सडक बोर्ड कार्यक्रमसँगको साझेदारीमा भइरहेको छ । साथै वडा नं १,३,७,११ र१३ मा वडा कार्यालय भवन निर्माणका लागि निर्माण व्यवसायिसँग सम्झौता भइ सबैको कार्यान्वयन शूरु भइसकेको अवस्था छ ।

३२। यस आ.व.को हालसम्म नक्सा पास गरेर घर निर्माण गर्नका लागि ७ वटा निवेदन परेकोमा ४ वटाले मात्र प्रथम चरणको अनुमति पाएकाछन् ।

३३। वडा नं १४ को विस्ली वडा भवनसम्मको सडक आयोजना अन्तर्गत दुइवटा ठेक्का प्याकेजमा काम भएको र दुवैको कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा पुगेको छ

३४। नगर भित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्ने उद्धार, राहत वितरण र पुनरोत्थान तथा पुनस्थापनाका कार्यमा जोड दिइ नगर भित्र रहेका दमकल, एम्वुलेन्स, सववाहन र व्याकहोलोडरलाई २४ सै घण्टा तयारी अवस्थामा राखेर सडकहरुलाई यथासिघ्र सञ्चालनमा ल्याएर आवतजावत नियमित बनाइएको छ ।

३५। सबै वडामा टोल विकास संस्था गठन गर्न प्रोत्साहन गर्ने र सहकार्यमा वजार सरसफाईमा जोड दिइएको छ ।

३६। मन्थली वजारलाई उज्यालो शहरको रुपमा विकास गर्न विद्युत प्राधिकरणको सहयोगमा सडक वत्ती बाल्ने काम अन्तिम चरणमा पुगेको छ ।

३७। यस वर्षको वर्षा, आगलागि लगायतका विपदमा परेका १०३ जना नागरिकहरुलाई रु ५ हजारदेखि २० हजारसम्म राहत उपलव्ध गराइएको छ ।नगरभित्र र बाहिर समेत दर्जनौ स्थानमा भएको आगलागिका घटनामा नियन्त्रण र उद्दारका लागि दमकल र जनशक्ति परिचालन गरीएको छ। र यस्ता विपदका घटनामा तत्काल पुग्नका लागि नगरप्रहरी र चालकलाइ पालो मिलाइ अक्षुण्ड राखिएको ।

३८। योजना कार्यान्वयन प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यतालिका निर्माण गरी सो अनुरुप कार्यान्वयनमा जोड दिइएको छ ।

३९। आधारभूत तहको शिक्षामा विद्यालय उमेर ५-१२ वर्षका वालवालिकाहरु विद्यालय वाहिर नरहेको सुनिश्चित गर्न, वाल विवाह मुक्त नगरको रुपमा स्थापित गर्न र वालमैत्री एवं वातावरण मैत्री नगरपालिका घोषण गर्नका लागि आवश्यक पूर्व आधारहरु तयार गर्न लागिएको छ । साथै बालमैत्री नगर घोषणा गर्नका लागि वडामा १/१ जना सहजकर्ता नियुक्त गरेर कार्य प्रारम्भ भएको, वडाको वेसलाइन डाटा लिनका लागि प्रत्येक वडाबाट ४-६ जनाका दरले वडाबाटै छनौट गरि डाटा कलेक्सनको काम शुरु भइसकेको र वडा अभिमुखिकरणको काम समेत तालिका बनाइ शूरु गरिएको छ ।

४०। बहिरा तथा मानसिक रोगको समस्या भएका व्यक्तिहरुलाइ एक दिने स्वास्थ्य परीक्षण शिविर मन्थलीमा सम्पन्न गरिएको।साथै २० जना महिलाहरुका लदागि पोते उन्ने र कपडा बुन्ने तालिम दिइएको छ।

४१। चालु आ.व. को वैशाख १५ गतेसम्म नगरपालिकाबाट एउटा ऐन १० कार्यविधि एक निर्देशिका र एक नीति जारी गरेरकार्यान्वयन ल्याईएको छ ।यस नगरपालिकाको न्यायिक समितिमा चालु आ.व.मा ३९ ओटा उजुरी दर्ता भएकोमा हालसम्म २३ ओटा उजुरी फस्र्यौट भईसकेका छन । मनपाको १४ ओटै मेलमिलाप केन्द्रको अनुगमन गरी मेलमिलापकर्ता, वडा समिति र न्यायिक समितिको वीचमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ । न्यायिक समिति, विधेयक समिति, विधायन समिति र मेलमिलापकर्ताको दुई दिने क्षमता विकास तालिम सम्पन्न भएको छ । मेलमिलापकर्ताहरुका लागि दुईदिने पुनरताजगी तालिम सञ्चालन गरिएको छ । न्यायिक समिति समक्ष प्राप्त हुन आएका उजुरीहरुको पनि समयमै सुनुवाई हुने व्यवस्था गरिएको छ ।

४२। नगरपालिकाको प्रशासकीय भवन, अन्तर्गतका सम्पूर्ण १४ वटै वडा कार्यालयहरु, २४ सामुदायिक स्वास्थ्य संस्थाहरु र ७० सामुदायिक विद्यालयहरु गरि जम्मा १०९ वटा संस्थाहरुमा अप्टिकल फाइवर विस्तार तथा जडान कार्य भईरहेको छ।

४३। हाम्रो नगरको समग्र व्यवस्थापकीय क्षमता अडीट अर्थात लिजा मापनमा गत वर्ष ६८ नम्बर सहित जिल्लाका अन्यपालिका मध्ये **प्रथम** भएको र यो वर्ष पनि **राम्रो नतिजा हासिल हुनेगरी** काम कार्वाहीलाई अगाडी बढाइएकोछ।

**अन्त्यमा,** यस कार्यक्रममा उपस्थित सवै जन समुदाय प्रति हार्दिक स्वागत गर्दै धन्यवाद पनि भन्न चाहन्छु ।यस आर्थिक वर्षमा सम्पन्न गर्ने गरि कार्यान्वयनमा रहेका समग्र योजना र कार्यक्रमहरुलाइ द्रुत बनाउने शिघ्र सम्पन्न गर्ने, सम्पन्न र भैसक्नु पर्ने विगतदेखिका केही आयोजनालाइ चाडो सकाउन सहजिकरण गर्ने काम नगरपालिका बाट हुनेछ।साथै सम्पन्न भएर पनि निर्माण व्यवसायिका तर्फबाट हस्तान्तरण भैनसकेकालाइ कानुनी दायरामा लगेर भएपनि सम्पन्न गराएर हस्तान्तरण गर्न लगाइनेछ । यस्ता योजनाबाट नगरबासि र समुदायले तत्काल लाभ लिनसक्ने बनाउन नगरपालिका दृढ भएर अगि बढ्ने प्रतिबद्‌ता पनि यस समयमा गर्दछु । साथै आगामी वर्षका लागि समुदायलाइ प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमा गर्ने समय पनि शुरु भइसकेकाले यहाँहरुको यस तर्फ पनि सुझाव सल्लाह आउन सकोस भन्ने अपेक्षा गर्दछु । नगरपालिकाबाट सञ्चालन हुने यस खाले घुम्ती सेवाका शिविर तथा सार्वजनिक सुनुवाइले विगतमा सेवा प्रवाहका बखत देखा पर्न गएका वा अनुभुत गरिएका असन्तुष्टी र गुनासोको अवस्था बुझ्न र सुधार गर्न तथा प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरी समृद्ध मन्थली नगर बनाउने ध्येयमा पनि सघाउ हुने/टेवा पुग्ने विश्वास हामीले लिएका छौं।

मिति २०८०/१/२९ धन्यवाद ।

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत